## स्पोन्सरसिप

स्पोन्सर खोज भनेर पहिलो कुरा हामी धेरेले सुन्छौं जब सुरुमा एन.ए.मिटिङ्गहरुमा सहभागी हुन्छौं । नव आगन्तुक भएकोले हामी यसको मतलब के हो भनेर बुझ्दैनौं । स्पोन्सर भनेको के हो? हामी कसरी खोज्छौं र प्रयोग गर्छौं? कहाँ हामी यसलाई पाउन सक्छौं? यो पर्चा विस्तृत रुपमा स्पोन्सरसिपको बारेमा परिचय दिने उद्धेश्यले उपलब्ध गरिएको हो ।

एक दुर्व्यसनीले अर्को दुर्व्यसनीलाई मद्धत गर्नु भनेको नै स्पोन्सरसिप हो र हाम्रो बेसिक टेक्स्टले भन्दछ कि जब दुई दुर्व्यसनी एक अर्काको सुधार बाँड्दछन् भने एन.ए.को मुटु धड्कन्छ । स्पोन्सरसिपको दोहोरोपनाले माया, आत्मियता र सद्भावको सम्बन्ध राख्छ, जसले स्पोन्सर र स्पोन्सी दुवैलाई मद्धत गर्दछ ।

## स्पोन्सर को हो ?

स्पोन्सरसिप भन्नाले नितान्त व्यक्तिगत र निजी सम्बन्ध हो जसले विभिन्न अर्थ विभिन्न व्यक्तिहरुमा लाग्छ । यस पर्चाको उद्धेश्य अनुरुप एन.ए.मा स्पोन्सर नार्कोटिक्स एनोनिमसको सदस्य हुन्छ, हाम्रो सुधारको कार्यक्रममा काम गरिरहेको हुन्छ, जो हामीसँग व्यक्तिगत, सहयोगी र एक आपसमा सम्बन्ध बढाउन ईच्छुक हुन्छ । पहिलो पटक स्पोन्सर भन्नाले धेरै सदस्यहरुले एन.ए.का बाह्र पाइला, बाह्र परम्परा र बाह्र धारणाहरुमा काम गर्न मद्धत गर्नेलाई भनि सोच्दछन् । स्पोन्सर एउटा साथी नै हुनुपर्छ भन्ने आवश्यकता हुँदैन तर त्यस्तो व्यक्ति हुनुपर्छ जो सँग हामी खुलेर कुरा गर्न सक्छौं । हामीले जुन कुराहरु मिटिङ्गमा गर्न सक्दैनौ त्यो हामी स्पोन्सरसँग खुलेर पोख्न सक्छौं ।

"मेरो स्पोन्सरसँगको सम्बन्ध अरु व्यक्तिहरुसँगको विश्वासमा बृद्धि र पाईलाहरुमा काम गराइरहने मुख्य कारक रहि रहेको छ । मैले मेरा जीवनका साह्रा अप्ठ्यारा परिस्थितिहरु स्पोन्सरसँग बाँडदा पनि त्यही स्थानबाट आफू आएको बताए । उसले मलाई नशा बिना पनि बाँच्न सकिन्छ भनेर सिकाउन थाल्यो ।"

## स्पोन्सरले के गर्ने गर्दछ ?

स्पोन्सरहरुले आफ्नो अनुभव, शक्ति र आशा आफ्नो स्पोन्सीहरुलाई बाँड्दछन् । कसैले उनीहरु माया गर्ने, सद्भाव राख्ने, जसलाई विश्वास पुर्वक सुनाउन सक्ने र जस्तो भएतापनि उनीहरुलाई सहयोग गर्ने भनेर स्पोन्सरको व्याख्या गर्ने गर्दछन् । अरुहरुले स्वीकार गर्न कठिन हुन सक्ने भएपनि स्पोन्सरहरुको प्रत्यक्ष र ईमान्दार सुझावमा भर पर्दै, उनीहरुले प्रदान गर्न सक्ने निष्पक्ष सुझावलाई महत्व दिन्छन् । तरपनि कोही बाह्र पाईलाहरुको निर्देशनको लागि मात्र भएपनि स्पोन्सर बनाउने गर्दछन् ।

"कसैले सोध्यो, 'किन स्पोन्सर मलाई आवश्यक हुन्छ?'
स्पोन्सरले उत्तर दियो, 'आफ्नो छकाउने भावना आफैंले
केलाउन गाह्रो हुन्छ ।'"

एन.ए. ले जुन कुराको निम्ति काम गर्छ स्पोन्सरले पनि त्यसको निम्ति काम गर्छ - किनकी सुधिरहेका दुर्व्यसनीहरुले दुर्व्यसन र सुधारको समान बन्धनहरु बाड्दछन् र धेरै कुराहरुमा एक अर्कासँग उस्तै अनुभव गर्न सक्दछन् । एउटा स्पोन्सरको भूमिका कानूनी सल्लाहकार, बैंकर, अभिभावक, वैवाहिक परामर्शदाता वा सामाजिक कार्यकर्ता जस्तो हुँदैन । नत स्पोन्सर एउटा व्यावसायिक सल्लाहकार नै हो । एउटा स्पोन्सर भन्नाले साधारणतय एउटा दुर्व्यसनी नै हो जसले बाह्रौ पाइलाद्धारा आफ्नो सुधारको अनुभव बाँड्न ईच्छुक हुन्छ ।

जब जब हामीले हाम्रो जिज्ञासा र प्रश्नहरु स्पोन्सर सामु राख्ने गर्दछौं उनीहरुले कहिलेकाँही आफ्नो अनुभवहरु पनि बाँड्ने गर्दछन् । अन्य समयहरुमा पढिरहन वा दिएको काम लेखिरहन, वा कार्यक्रमको प्रश्नहरुको उत्तर दिने कोशिश गर्न भनी सुझाव दिने गर्दछन् । जब हामी एन.ए.मा नयाँ हुन्छौं, स्पोन्सरले हामीलाई एन.ए. कार्यक्रम प्रति आउने हाम्रो दुविधाहरु, एन.ए.को भाषा, मिटिङ्ग फरम्याटहरु, र सेवा बनौट देखि लिएर एन.ए.का सिद्धान्तहरुको अर्थ र आध्यात्मिक जागरणको स्वभाव बुझाउन मद्धत गर्ने गर्दछन् ।

## स्पोन्सीले के गर्दछ ?

नियमित रुपमा स्पोन्सरलाई सम्पर्क राख्न स्पोन्सीलाई एउटा सुझाव दिईन्छ । आफ्नो स्पोन्सरसँग फोनमा कुरा गर्नुको साथ साथै मिटिङ्गमा भेट्ने व्यवस्था मिलाउन सक्छौं । कुनै स्पोन्सरहरुले हामीलाई कति सम्पर्क राख्न सक्छौं भन्ने आशा राखेका हुन्छन् भने कतिले यसको आवश्यकता राख्दैनन् । यदि हामीले आफू वरपर बस्ने स्पोन्सर पाएनौं भने हामी कुनै प्रविधि वा चिठी-पत्रद्वारा नजिक हुन सक्छौं । आफ्नो स्पोन्सरसँग कसरी सम्पर्कमा रहने भन्ने कुराको खासै मतलब नराखी खुल्ला मनस्थितिले सुन्नु र ईमान्दार हुनु नै एकदम महत्वपूर्ण हुन्छ ।

"म आफ्नो स्पोन्सरले दिएको साधारण निर्देशन र नयाँ दृष्टिकोण माथि भर पर्छु । ऊ केही नभए पनि मेरो लागि महत्वपूर्ण व्यक्ति हो । कहिलेकाँही कसैसंग केही कुरा चर्को स्वरले भन्दा मात्र मैले भिन्न रुपमा देख्न सक्छु ।"

हामी स्पोन्सरहरुको लागि बोझ बन्ने चिन्ताले गर्दा उनीहरुसंग हिचकिचाउँदछौं अथवा बदलामा स्पोन्सरले हामीबाट केही चाहन्छ कि भनेर बिश्वास गर्न पुग्दछौं । तर सत्य यो हो कि जति फाइदा हामीले सम्बन्धबाट पाएका हुन्छौं त्यति नै फाइदा हाम्रो स्पोन्सरले पनि पाएको हुन्छ । हाम्रो कार्यक्रममा हामीसँग जे छ त्यसलाई बाँडेर मात्र जोगाउन सक्ने कुरामा हामी विश्वास गर्छौं: स्पोन्सरहरुको प्रयोग गरेर, वास्तवमा हामी उनीहरुलाई स्वच्छ रहन र सुधिन मद्धत गरिरहेका हुन्छौं ।

## हामीले स्पोन्सर कसरी पाउन सक्छौं ?

स्पोन्सर पाउनको लागि, हामीले केवल सोध्नु पर्ने आवश्यकता हुन्छ । यो कार्य सरल भएतापनि सजिलो नहुन सक्छ । हामी धेरै जसो स्पोन्सर बनाउन डराउँछौ । सक्रिय दुर्व्यसनको क्रममा हामीले कसैलाई विश्वास गर्नुहुँदैन भनेर सिकेका थियौ होला र कसैलाई हाम्रो कुरा सुनिदिने र हामीलाई सहयोग गर्ने बिचारले एक्लोपन र डर पैदा गराईरहन सक्ला । त्यसो नभएर हाम्रा धेरै सदस्यहरुले स्पोन्सरसिपलाई सुधारको अभिन्न भाग भएको कुराको व्याख्या गर्दछन् । कहिलेकाँही

कसैले हाम्रो प्रस्तावलाई नकार्ने गर्दा हामी साहस बटुल्दछौं । यदि त्यसो भएमा, आस्था राखि फेरी निरन्तरता दिनु आवश्यक छ र उसको निर्णयलाई व्यक्तिगत रुपमा नलिने प्रयास गर्नुपदर्छ । कसैले हामीलाई नकार्नुको कारण पक्कै पनि हाम्रो लागि समय नहुन सक्छ : उनीहरुको जीवन व्यस्त वा स्पोन्सीहरु धेरै हुन सक्छ वा उनीहरु गाह्रो समयबाट गुज्रिरहेको हुन सक्छन् । हाम्रो आस्थालाई पुनः अठोट गरी अरु कसैसंग सोध्न आवश्यक हुन्छ ।

"जब मैले मेरो स्पोन्सरलाई रोजे, मैलै एक अर्न्तवार्ताको रुपमा लिएँ । के हामी मेल खान्छौं ? तिम्रा र मेरा अपेक्षाहरु के के छन् ? मैले जो खुल्ला-मनस्थितिको छ र जो सँग कुरा गर्दा मलाई सजिलो महशुस हुन्छ, त्यो व्यक्तिलाई खोजें ।"

स्पोन्सरलाई खोज्ने एउटा ठाउँ एन.ए मिटिङ्ग हो । स्पोन्सरलाई खोज्ने अरु ठाउँहरु भनेको एन.ए इभेन्ट, जस्तै सेवा मिटिङ्ग र कन्भेन्सनहरु हो । स्पोन्सर खोज्ने क्रममा धेरै जसो सदस्यहरुले जो विश्वासिलो, दयालु र जो कार्यक्रममा सक्रियरुपमा लागिरहेकालाई खोज्ने गर्दछन् । एन.ए.मा विशेष गरी नयाँ आएका धेरै जसो सदस्यहरुले आफू भन्दा धेरै समय सम्म नशारहित भएको स्पोन्सर खोज्ने कार्यलाई महत्वपूर्ण ठान्दछन् ।

त्यस्तो व्यक्तिलाई स्पोन्सर बनाउन उचित हुन्छ जो हाम्रो जस्तो अनुभव, संघर्ष र प्राप्तिहरुबाट गुर्ज्रिएको छ । धेरै जसोलाई समान लिङ्ग भएको स्पोन्सर खोज्नाले यो अनुभुतिलाई सजिलो बनाउँछ र सम्बन्ध सुरक्षित भएको महशुस गराउँदछ । हामी आफ्नो लागि आफैं स्पोन्सर चुन्न स्वतन्त्र छौं । तैपनि यो सुझाव दिइन्छ कि हामी यस्तो स्पोन्सरसिप सम्बन्धमा नपरौं जस्ले यौन आकर्षण ल्याउन सक्छ । यस्तै आकर्षणले हामीलाई स्पोन्सरसिपको प्रकृतिबाट विमुख पार्छ र एक अर्कासँग इमान्दारीपूर्वक आफ्ना भावना बाँड्ने योग्यतामा बाधा पुऱ्याउँछ ।

"जब म नशारहित भए, तब म असुरक्षित, एक्लो, सजिलो र कसैको साथको लागि जे पनि गर्न ईच्छुक भएँ । मेरो प्राकृतिक लगाव ती ईच्छाहरुलाई पुरा गर्नु थियो र मेरो सुधारको जगलाई बनाउन चाहिने आवश्यक कुराहरु प्रति ध्यान केन्द्रित थिएन । म ईश्वर प्रति आभारी छु किनभने ती सदस्यहरुको अखण्डताले मलाई मेरो सुधारको शुरुका दिनहरुमा सहयोग गरेर म बाट कुनै फाइदा लिएनन् ।"

कहिलेकाँही सदस्यहरु एउटा भन्दा बढी स्पोन्सर बनाउन उचित हुन्छ कि भनेर आश्चर्य मान्छन् । केही सदस्यहरुले यो बाटो अपनाउन्छन् भने धेरैले एक भन्दा बढी स्पोन्सर बनाउनाले उनीहरुले खोजे जस्तो उत्तर र निर्देशन पाउनको लागि चाकडी गर्न आकर्षित गराउँदछ ।

**हामीले कहिले स्पोन्सर बनाउनु पर्छ ?**

धेरै जसो सदस्यहरुले जति सक्दो चाँडो स्पोन्सर बनाउने कुरालाई महत्वपूर्ण मान्दछन् जबकी अरुहरु स्पोन्सर खोज्नको लागि केही समय लिनुपर्छ र एउटा ठोस निर्णय बनाउनु पर्छ भन्ने कुरालाई महत्व दिन्छन् । धेरै मिटिङ्गहरु जानाले, हामी कुन व्यक्तिसँग सहज र कुन व्यक्तिलाई विश्वास गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन सहयोग पुऱ्याउँछ । जब हामीले स्पोन्सर खोजी रहेका हुन्छौं त्यति बेला यदि कसैले हाम्रो स्पोन्सर बनिदिने प्रस्ताव राखेमा हामीले स्वीकार्नु पर्छ भन्ने जरुरी छैन । एउटा सम्झनु पर्ने कुरा के छ भने यदि हाम्रो सुधारको शुरुको अवस्थामा हामीलाई सहयोग गर्ने स्पोन्सर पाउँछौं भने पछि गएर यदि सो व्यक्तिले हाम्रो आवश्यकताहरुलाई छुन सकेन भने हामी आफ्नो स्पोन्सर परिवर्तन गर्न स्वतन्त्र छौं ।

"मेरो अन्तिम अवस्था र स्पोन्सर बनाउने समयलाई मैले तुलना गरे । मलाई तुरुन्तै जीवन बचाउने व्यक्ति/स्पोन्सर आवश्यक पऱ्यो ।"

जब हामी कार्यक्रममा नयाँ हुन्छौं, हामी अरु दुर्व्यसनीहरुसम्म पुगेर साहारा र सहयोग माग्न आवश्यक हुन्छ । फोन नम्बर लिएर प्रयोग गर्नु र आफ्नो कुराहरु सुध्रिरहेका दुर्व्यसनीहरुसँग बाँड्न कहिले पनि चाँडो हुँदैन । हाम्रो कार्यक्रमले काम गर्छ किनभने हामी एक अर्का प्रति सहयोग उपलब्ध गराउँछौं । अब आएर हामी एक्लोपनमा बाँच्न जरुरी छैन र हामी भन्दा पनि केही ठूलो कुराको भाग भएको हामीलाई महशुस हुन्छ । एन.ए. मा आईरहदाँ, हामीलाई आफ्नै घरमा आईपुग्यौ भन्ने महशुस गर्न स्पोन्सरसिपले मद्धत गर्छ ।

एन.ए मा आई स्पोन्सरसिपका बारेमा प्रश्नहरु हुन सक्छ जस्को उत्तर यस पर्चामा छैन । तपाईका प्रश्नहरुको "सही" वा "गलत" उत्तरहरु नहुन सक्छन् - हाम्रो फेलोसिपको अनुभव समुदाय र सदस्य अनुसार भिन्न-भिन्न हुन्छ - हामीसँग स्पोन्सरसिपको बारेमा पुस्तक छ जस्ले स्पोन्सरसिपसँग सम्बन्धित धेरै विषयहरुको बारेमा गहिराइको साथ सम्बोधन गर्दछ ।

**सम्पर्कहरु :**

____________________

____________________

____________________

____________________

____________________